# हिमालयन बैंक लिमिटेड
# को
# सत्ताइसौं वार्षिक साधारण सभाबारे सूचना

२०७६ साल पौष महिना २१ गते बसेको संचालक समितिको बैठक नं ३७८ को निर्णयानुसार यस बैंकको सत्ताइसौ वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । आवश्यक कागजातहरु शेयरधनी महानुभावहरुलाई यथासमयमा पठाइने व्यहोरा अवगत गराउँदै सो सभामा उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

सत्ताइसौं वार्षिक साधारण सभा बस्ने मिति, समय र स्थान

१) मिति : २०७६ साल माघ २९ गते बुधबार (तदनुसार १२ फेब्रुवरी, २०२०)
२) समय : बिहान ११:०० बजे
३) स्थान : त्रिभुवन आर्मि अफिसर्स क्लब भद्रकाली,काठमाडौ ।

**छलफलका विषय-सूची**

क) सामान्य प्रस्ताव

१) सत्ताइसौ वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन,
२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ साल असार मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७५/७६ को नाफा-नोक्सान हिसाब तथा नगदप्रवाह विवरण छलफल गरी पारित गर्ने,
३) यस बैंकको सहायक कम्पनी हिमालयन क्यापिटल लि को आ.ब २०७५/७६ को बित्तीय विवरण सहितको एकिकृत बित्तीय विवरण स्वीकृत गर्ने,
४) संचालक समितिले सिफारिश गरेबमोजिम नाफाको बाँडफाँट तथा चुक्ता पूँजीको १२ (बाह्) प्रतिशत (कर सहित) नगद लाभाँश दिने प्रस्ताब स्वीकृत गर्ने,
५) बैंक तथा बित्तीय संस्था संम्बन्धी ऐनको दफा १७ बमोजिम श्री राधा कृष्ण पोतेलाई बैंकको संचालक समितिको मिति २०७५।१०।२४ मा बसेको बैंठकले ४(चार) बर्षको लागि स्वतन्त्र संचालकमा नियुक्त गरेको र संस्थापक शेयर धनि कर्मचारी संचयकोषको तर्फ बाट बैंकको संचालक समितिमा प्रतिधित्व गर्ने संचालक श्री तुलसी प्रसाद गौतमको अबधि मिति २०७६।६।५ देखि समाप्त भएकाले बैंकको संचालक समितिको मिति २०७६।७।७ मा बसेको बैंठकले निजलाई सत्ताइसौ बार्षिक साधरण सभा नभए सम्मको लागि पुन: नियुक्त गरेको व्यहोरा समेत जानकारी गराउने ,
६) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७६/७७ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने, (वर्तमान लेखापरीक्षक बि आर एस न्यौपाने एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट्स पुन: नियुक्त हुन सक्ने)
७) प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था भए अनुसार संस्थापक शेयरधनिहरुको तर्फबाट ५(पांच) जना संचालकहरुको मनोनयन/निर्बाचन गर्ने

ख) विशेष प्रस्ताव

१) बैंकको अधिकृत पूँजी रु. १०,००,००,००,०००/– (अक्षरेपी दश अर्ब रुपैयाँ) बाट बृद्धि गरी रु. १२,००,००,००,०००/– (अक्षरेपी बाह्र अर्ब रुपैयाँ) गर्ने सम्बन्धी विशेष प्रस्ताव स्वीकृत गर्ने ।

२) संचालक समितिले सिफारिश गरेबमोजिम बैंकको जारी र चुक्ता पूँजी बृद्धि गर्न चुक्ता पूँजीको १० (दश) प्रतिशत बोनस शेयर जारी गर्ने सम्बन्धी बिशेष प्रस्ताव स्वीकृत गर्ने ।

३) बैंकले आर्थिक बर्ष २०७५/७६ मा संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सिमा नाघेको हुँदा सो अन्तर्गत बैंकले निम्न संघ संस्थाहरुलाई प्रदान गरेको रकमहरु अनुमोदन गर्ने:

नवकिरण अनाथ तथा असाहाय बाल आश्रम: रु ५०,०००।–, हेल्पिङ्ग ह्याण्ड बाल आश्रम: रु ५०,०००।–, त्रि.वि केन्द्रिय गृह विज्ञान: रु. ५०,०००।–, लायन्स क्लब र भुलाँ सुधार समिति: रु. ५०,०००।–, पूल्चोक इन्जिनियरिङ्ग क्याम्पस : रु. ५०,०००।–, श्री दिप ज्योति विद्यालय हेटैडा: रु. ५०,०००।–, पोखरा महानगरपालिका: रु ७५,०००।–, बाराख गण धनकुटा: रु. ८९, ८७२।३०, प्रहरी विट, कुपण्डोल: रु. १,००,०००।–, प्रसौनी गाउँपालिका, बारा: रु. १,००,०००।–, सुवर्ण गाउँपालिका, बारा: रु. २,००,०००।–, जनता सामुदायीक विद्यालय धरान: रु.१००,०००।–, युथ कर्नर क्लब: रु.१००,०००।–, सिंहदेवि मन्दिर, धरान: रु १११,१११।–, त्रिदेवि मन्दिर, ठमेल: रु १४९,५४५।–, चेपाङ्ग विद्यार्थीहरुका लागि: रु. १८०,०००।–, टिच फर नेपाल: रु. ५००,०००।–, त्रि वि शिक्षण अस्पताल: रु. ५,५०,०००।–, स्पाइनल इन्जुरी संघ नेपाल: रु. २५,००,०००।–

३) बैंकको प्रवन्ध पत्र र नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने तथा प्रस्तावित संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य निकायले फेरबदल गरेमा आवश्यक समायोजन गर्न संचालक समितिलाई वा संचालक समितिले तोकेको पदाधिकारीलाई अधिकार दिने,

ग) विविध,

जानकारी

१) मिति २०७६ साल माघ १३ गते देखि २०७६ साल माघ २९ गते सम्म शेयर दाखिल खारेज बन्द रहने कुरा जानकारी गराइन्छ ।

२) शेयरधनी महानुभावहरुलाई बैंकको शेयरधनी लगतमा कायम रहेको ठेगानामा वार्षिक प्रतिवेदन, प्रस्तावित प्रबन्धपत्र र नियमावली को संशोधन सहितको विवरण पठाइने छ ।

३) साधारण सभा हुनुभन्दा ४८ घण्टा अगावै प्रोक्सी फाराम बैंकको केन्द्रीय कार्यालय कमलादी समक्ष दर्ता गरिसक्नु पर्नेछ । मुकर्रर प्रतिनिधि बैंकको शेयरधनी हुनु अनिवार्य छ ।

४) सभामा भाग लिन र मतदान गर्न प्रतिनिधिपत्र (प्रोक्सी) दर्ता गरिसके पछि सोलाई बदर गरी अर्को प्रतिनिधिपत्र ( प्रोक्सी) दिन चाहेमा सोको सूचना ४८ घण्टा अगावै बैंकको केन्द्रीय कार्यालय, कमलादीमा जानकारी दिनु पर्नेछ ।

५) छलफलको विषयमध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीहरुले सभा हुनुभन्दा ७ दिन अगावै छलफलको विषय कम्पनी सचिवमार्फत संचालक समितिको अध्यक्षलाई लिखितरुपमा दिनुपर्छ ।

६) सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले सभा हुने दिन हितग्राही खाता खेलिएको (De-Mat)र शेयरधनी परिचय पत्र वा शेयरधनी परिचय नम्बर लेखिएको शेयर प्रमाणपत्र साथमा लिइ आउनुहुन अनुरोध छ ।

७) नावालक वा विक्षिप्त शेयरधनीको तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएका व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न पाउनेछन् ।

८) एकै शेयरधनीले कुनै एक प्रतिनिधि मुकर्रर गरेकोमा सो वदर नगरी अर्को प्रतिनिधि मुकर्रर गरेमा जुन मुकर्रित लिखत बैंकको केन्द्रीय कार्यालय कमलादीमा पहिले प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ ।

९) हाजिर पुस्तिका बिहान १०:०० बजे देखि खुल्ला रहने छ ।

१०) संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने संचालक पद ५ (पांच) को मनोनयन/निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतद्धारा छुट्टै सूचना प्रकाशित गरी जानकारी गराइने छ ।

<u>शेयरधनी महानुभावहरुलाई जानकारी</u> :

(क) बैंकले आफ्ना शेयरधनीहरुलाई न्यूनतम मौज्दात रु. ५००।-(पाँच सय) मा शेयरधनी बचत खाता खोल्ने व्यवस्था गरेको छ । त्यसरी खाता खोल्ने शेयरधनीहरुको लाभाँश रकम उक्त खातामा जम्मा गरिनेछ ।

(ख) आ.ब २०७४।७५ र सो भन्दा अगाडिको लाभाँश तथा बोनस शेयर नलिनु भएका शेयरधनीहरुले बैंकको कमलादी स्थित प्रधान कार्यालय, कानून तथा शेयर शाखाबाट लिनु हुन अनुरोध छ ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

सूचना प्रकाशन
१) कारोबार दैनिक
मिति: २०७६/१०/०७
२) आर्थिक अभियान
मिति: २०७६/१०/०८

**HBL** हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

**को**

# सत्ताइसौं वार्षिक साधारण सभाबारे सूचना

२०७६ साल पौष महिना २१ गते बसेको सञ्चालक समितिको बैठक नं. ३७८ को निर्णयानुसार यस बैंकको सत्ताइसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा शेयरधनी महानुभावहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । आवश्यक कागजातहरू शेयरधनी महानुभावहरूलाई यथासमयमा पठाइने व्यहोरा अवगत गराउँदै सो सभामा उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

## सत्ताइसौं वार्षिक साधारण सभा बस्ने मिति, समय र स्थान

**मिति** : **२०७६ साल माघ २९ गते बुधवार (तदनुसार १२ फेब्रुवरी २०२०)**
**समय** : **विहान ११:०० बजे**
**स्थान** : **त्रिभुवन आर्मि अफिसर्स क्लब, भद्रकाली, काठमाडौं**

## छलफलका विषय-सूची

**क) सामान्य प्रस्ताव**

१) सत्ताइसौ वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन,
२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ साल असार मसान्तको वासलात, सोही मितिमा समाप्त आ. व. २०७५/७६ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने,
३) यस बैंकको सहायक कम्पनी हिमालयन क्यापिटल लि. को आ. व. २०७५/७६ को वित्तीय विवरण सहितको एकिकृत वित्तीय विवरण स्वीकृत गर्ने,
४) सञ्चालक समितिले सिफारिश गरे बमोजिम नाफाको बाँडफाँट तथा चुक्ता पूँजीको १२ (बाह्र) प्रतिशत (कर सहित) नगद लाभाँश दिने प्रस्ताव स्वीकृत गर्ने,
५) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनको दफा १७ बमोजिम श्री राधाकृष्ण पोतेलाई बैंकको सञ्चालक समितिको मिति २०७५।१०।२४ मा बसेको बैठकले ४(चार) वर्षको लागि स्वतन्त्र सञ्चालकमा नियुक्त गरेको र संस्थापक शेयरधनी कर्मचारी संचय कोषको तर्फबाट बैंकको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक श्री तुलसी प्रसाद गौतमको अवधि मिति २०७६।६।५ देखि समाप्त भएकाले बैंकको सञ्चालक समितिको मिति २०७६।७।७ मा बसेको बैठकले निजलाई सत्ताइसौं वार्षिक साधारण सभा नभएसम्मको लागि पुनःनियुक्त गरेको व्यहोरा समेत जानकारी गराउने,
६) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७६/७७ का लागि लेखाप्रीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने, (वर्तमान लेखापरीक्षक बि आर एस न्यौपाने एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट्स पुनःनियुक्त हुन सक्ने)
७) प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था भए अनुसार संस्थापक शेयरधनीहरूको तर्फबाट ५ (पाँच) जना सञ्चालकहरूको मनोनयन/निर्वाचन गर्ने

**ख) विशेष प्रस्ताव**

१) बैंकको अधिकृत पूँजी रू. १०,००,००,००,०००।- (अक्षरेपी दश अर्ब रूपैयाँ) बाट बृद्धि गरी रु १२,००,००,००,०००।- (अक्षरेपी बाह्र अर्ब रूपैयाँ) गर्ने सम्बन्धी विशेष प्रस्ताव स्वीकृत गर्ने ।
२) सञ्चालक समितिले सिफारिश गरे बमोजिम बैंकको जारी र चुक्ता पूँजी बृद्धि गर्न चुक्ता पूँजीको १० (दश) प्रतिशत बोनस शेयर जारी गर्ने सम्बन्धी विशेष प्रस्ताव स्वीकृत गर्ने ।
३) बैंकले आर्थिक वर्ष २०७५/७६ मा संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सिमा नाघेको हुँदा सो अन्तर्गत बैंकले निम्न संघ संस्थाहरूलाई प्रदान गरेको रकमहरू अनुमोदन गर्ने:
नवकिरण अनाथ तथा असाहाय बाल आश्रमः रू ५०,०००।-, हेल्पिङ्ग ह्याण्ड बाल आश्रमः रू ५०,०००।-, त्रि.वि. केन्द्रिय गृह विज्ञानः रू. ५०,०००।-, लायन्स क्लब र भुलाँ सुधार समितिः रू. ५०,०००।-, पूल्चोक इन्जिनियरिङ्ग क्याम्पसः रू. ५०,०००।-, श्री दिप ज्योति विद्यालय हेटौडाः रू. ५०,०००।-, पोखरा महानगरपालिकाः रू ७५,०००।-, बाराख गण धनकुटाः रू. ८९,८७२।३०, प्रहरी विट, कुपण्डोलः रू. १,००,०००।-, प्रसौनी गाउँपालिका, बाराः रू. १,००,०००।-, सुवर्ण गाउँपालिका, बाराः रू. २,००,०००।-, जनता सामुदायीक विद्यालय धरानः रू.१००,०००।-, युथ कर्नर क्लबः रू.१००,०००।-, सिंहदेवि मन्दिर, धरानः रू १११,१११।-, त्रिदेवि मन्दिर, ठमेलः रू १४९,५४५।-, चेपाङ्ग विद्यार्थीहरूका लागि : रू. १८०,०००।-, टिच फर नेपालः रू. ५००,०००।-, त्रि वि शिक्षण अस्पतालः रू. ५,५०,०००।-, स्पाइनल इन्जुरी संघ नेपालः रू. २५,००,०००।-
४) बैंकको प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने तथा प्रस्तावित संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य निकायले फेरबदल गरेमा आवश्यक समायोजन गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अधिकार दिने,

**ग) विविध**

## जानकारी

१) मिति २०७६ साल माघ १३ गतेदेखि २०७६ साल माघ २९ गतेसम्म शेयर दाखिल खारेज बन्द रहने कुरा जानकारी गराइन्छ ।
२) शेयरधनी महानुभावहरुलाई बैंकको शेयरधनी लगतमा कायम रहेको ठेगानामा वार्षिक प्रतिवेदन, प्रस्तावित प्रबन्धपत्र र नियमावलीको संशोधन सहितको विवरण पठाइने छ ।
३) साधारण सभा हुनुभन्दा ४८ घण्टा अगावै प्रोक्सी फाराम बैंकको केन्द्रीय कार्यालय कमलादी समक्ष दर्ता गरिसक्नु पर्नेछ । मुकर्रर प्रतिनिधि बैंकको शेयरधनी हुनु अनिवार्य छ ।
४) सभामा भाग लिन र मतदान गर्न प्रतिनिधिपत्र (प्रोक्सी) दर्ता गरिसके पछि सोलाई बदर गरी अर्को प्रतिनिधिपत्र (प्रोक्सी) दिन चाहेमा सोको सूचना ४८ घण्टा अगावै बैंकको केन्द्रीय कार्यालय, कमलादीमा जानकारी दिनु पर्नेछ ।
५) छलफलको विषयमध्ये विविध शीर्षकअन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीहरुले सभा हुनुभन्दा ७ दिन अगावै छलफलको विषय कम्पनी सचिवमार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखितरुपमा दिनुपर्छ ।
६) सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले सभा हुने दिन हितग्राही खाता खोलिएको (De-Mat) र शेयरधनी परिचयपत्र वा शेयरधनी परिचय नम्बर लेखिएको शेयर प्रमाणपत्र साथमा लिइ आउनुहुन अनुरोध छ ।
७) नावालक वा विक्षिप्त शेयरधनीको तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएका व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न पाउनेछन् ।
८) एकै शेयरधनीले कुनै एक प्रतिनिधि मुकर्रर गरेकोमा सो बदर नगरी अर्को प्रतिनिधि मुकर्रर गरेमा जुन मुकर्रित लिखत बैंकको केन्द्रीय कार्यालय कमलादीमा पहिले प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ ।
९) हाजिर पुस्तिका बिहान १०:०० बजेदेखि खुल्ला रहने छ ।
१०) संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पद ५ (पाँच) को मनोनयन/निर्वाचनसम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले छुट्टै सूचना प्रकाशित गरी जानकारी गराइने छ ।

**शेयरधनी महानुभावहरुलाई विशेष जानकारी :**

क) बैंकले आफ्ना शेयरधनीहरुलाई न्यूनतम मौज्दात रु. ५००।- (पाँच सय) मा शेयरधनी बचत खाता खोल्ने व्यवस्था गरेको छ । त्यसरी खाता खोल्ने शेयरधनीहरुको लाभांश रकम उक्त खातामा जम्मा गरिनेछ ।
(ख) आ.व. २०७४।७५ र सोभन्दा अगाडिको लाभांश तथा बोनस शेयर नलिनु भएका शेयरधनीहरुले बैंकको कमलादी स्थित प्रधान कार्यालय, कानून तथा शेयर शाखाबाट लिनु हुन अनुरोध छ ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**